| भूमे गाउँपालिका | | |
|---|---|---|
| **स्थानीय राजपत्र** | | |
| खण्डः९ | संख्याः१ | मितिः२०८२।०६।३१ |
| भागः२<br>भूमे गाउँपालिका | | |

## प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि,२०८२

कार्यपालिकाबाट पारित मितिः २०८२।०६।३१

प्रमाणिकरण मितिः २०८२।०६।३१

प्रस्तावना,

भूमे गाउँपालिकाद्वारा सञ्चालित योजना विकासका काममा तन्दुरुस्ती एवं चुस्तता ल्याउन पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुको काममा थप हौसला प्रदान गर्न आवश्यक फिल्ड भत्ताको व्यवस्था गर्न , स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा भूमे गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को अधिकार प्रयोग गरि भूमे गगाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

२. परिभाषाः विषय वा पर्सगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यपालिका" भन्नाले भूमे गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यलय" भन्नाले भूमे गाउँपालिका गाउँकार्यपालिकाको कार्यलयलाई सम्झनु पर्दछ।

(ग) "कार्विधि" भन्नाले प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२ लाई सम्झनु पर्दछ।

(घ) "गाउँपालिका" भन्नाले भूमे गाउँपालिकालाई सम्झनु पर्दछ।

(ङ) "पुर्वाधार शाखा" भन्नाले भूमे गाउँपालिकाको पुर्वाधार शाखा सम्झनु पर्दछ ।

(च) " प्रशासन शाखा" भन्नाले भूमे गाउँपालिकाको प्रशासन शाखा सम्झनु पर्दछ ।

(छ) "प्राविधिक कर्मचारी" भन्नाले भूमे गाउँपालिकाको पूर्वाधार शाखा तथा भूमे गाउँपालिकाद्धारा संचालित ब्याकु लोडरमा कार्यरत देहाय बमोजिमका स्थायी, करार तथा ज्यालादारी कर्मचारीलाई सम्झनु पर्दछ।

(अ) इन्जिनियर- अधिकृत स्तर सातौं/आठौं

(आ) ब.खा.पा.स.टे./सब-इन्जिनियर- सहायक स्तर पाचौं/छैटौं

(इ) खा.पा.स.टे./असिस्टेन्ट सब-इन्जिनियर(सहायक स्तर चौंथो)

(ई) जेसिबि चालक तथा सहचालक (श्रेणी विहिन)

३. फिल्ड भत्ता उपलब्ध गराउन सक्नेः गाउँपालिकाको पूर्वाधार विकास शाखा तथा अन्य शाखामा कार्यरत कर्मचारीहरुले फिल्डमा गइ काम गरे वापत कार्यलायले देहाय बमोजिम पद/तह/स्तर अनुसार एकमुष्ट मासिक फिल्ड भत्ता प्दान गर्न सक्नेछ।

| क.स | पद/तह/ स्तर | फिल्ड भत्ता |
|---|---|---|
| १ | इन्जिनियर(अधिकृत स्तर सातौं/आठौं) | ६००० |
| २ | सब-इन्जिनियर (पाचौं/छैटौं) | ५००० |
| ३ | खा.पा.स.टे./असिस्टेन्ट सब-इन्जिनियर (सहायक चौंथो) | ४००० |
| ४ | चालक (ब्हाकुलोडर) | ३००० |
| | सहचालक (ब्हाकुलोडर) | ३००० |

४. फिल्ड भत्ता प्राप्त आधार पुरा गर्नु पर्नेः

फिल्ड भत्ता प्राप्त गर्न देहाय बमोजिम आधार पुरा गर्नुपर्नेछ।

(क) प्राविधिक कर्मचारी मासिक रुपमा कार्यलयमा हाजिर भइ काम गरेको हुनु पर्नेछ।

(ख) कार्यलयले जुनसुकै अवस्थामा काममा खटाउँदा काम गरेको हुनु पर्नेछ। कार्यालयमा कुनै कारणवाट १२ दिन भन्दा बढी अनुपस्थित भएमा सो महिनामा उक्त कर्मचारीलाई फिल्ड भक्ता उपलब्ध गराईने छैन ।

(ग) प्राविधिक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण शाखा प्रमुखले तयार गरि प्रशासन शाखा मार्फत पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) (ग) बमोजिम विवरण प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नु पर्नेछ।

(५) रकम व्यवस्थापन सम्बन्धी व्यवस्थाः यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीहरुले पाउने फिल्ड भत्ताको रकम आयोजना व्यवसथापन खर्च (कन्टेजेन्सी खर्च) र आन्तरिक श्रोतबाट व्यवसथापन गर्नुपर्नेछ।

(६) भुक्तानी विधिः (१)प्राविधिक कर्मचारीहरुले यस कार्यविधि बमोजिम प्राप्त गर्ने फिल्ड भत्ता कार्यलयले कर्मचारीहरुले पाउने तलवमा प्राविधिक फिल्ड भत्ता समावेश गरि मासिक रुपमा उपलब्ध गराउनेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फिल्ड भत्ता वापतको रकम यो कार्यविधि लागु भएको मिति देखि प्रदान गरिनेछ।

(३) प्रत्यक आर्थिक बर्षमा नेपाल सरकारको निर्णय अनुसार राष्ट्र सेवक कर्मचारीहरुको तलब थपघट भएमा कार्यविधि अनुसार प्रदान गरिने फिल्ड भत्ता असर पर्ने छन।

(७) कार्यविधिमा संशोधनः यस कार्विधि अर्को व्यवस्था नभए सम्म लागु भईरहने छ र यस कार्यविधिमा आवश्यक संशोधन गर्नु पर्मा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

(८) स्वतः खारेज हुनेः यो कार्विधि तथा यस कार्यविधिका दफा तथा उपदफा संघ तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हद सम्म स्वथः खारेज मानिनेछ।

आज्ञाले

देविलाल बिक

२०८१/६/२९

देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत